NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

मिति : २०८१/०२/२०

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार
ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली
काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक
काठमाण्डौं ।

बिषय: विदेशी लगानीकर्ता IFIC Bank PLC को संस्थापक शेयर खरिद/बिक्रीको प्रक्रिया स्थगन भएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकका विदेशी संस्थापक शेयरधनी M/s. International Finance Investment and Commerce Bank Limited (IFIC Bank), Dhaka, Bangladesh (हाल परिवर्तित नाम IFIC Bank PLC) को नाममा तत्काल कायम रहेको १,७७,३६,०८८ कित्ता संस्थापक शेयर (तथा सोबाट आर्जित बोनस शेयर समेत सम्पूर्ण) बिक्रीका लागि मिति २०७९ साल मंसिर १५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा बैंकले संस्थापक शेयर बिक्री सम्बन्धी सूचना प्रकाशन गरी प्राप्त आवेदन उपर नेपाल राष्ट्र बैंकबाट स्विकृति लिने कामकारवाही अगाडि बढाइएकोमा हाल उपरोक्त विदेशी संस्थापक शेयरधनीले उल्लिखित शेयर बिक्री नगरी नबिल बैंकमा कायम रहेको संस्थापक शेयरलाई निरन्तरता दिने भनी बिक्रीको निवेदन फिर्ता लिएको तथा खरिदको प्रस्ताव पेश गर्नुहुने संस्थापक शेयरधनीले समेत निवेदन फिर्ता लिई शेयर खरिद बिक्रीको प्रक्रियाबाट बाहिरिएको व्यहोरा जानकारी गराएकाले सो सम्बन्धमा बैंकको मिति २०८१/०२/१९ मा बसेको ६५८औं सञ्चालक समितिको बैठकमा छलफल भएकोमा उक्त व्यहोरा सञ्चालक समितिले जानकारीमा लिई उल्लिखित शेयरको खरिद-बिक्री स्थगन भएको विषयका सम्बन्धमा नियामक निकायहरूलाई समेत जानकारी गराउने निर्णय भएकाले सोही बमोजिम उपरोक्त व्यहोरा तहाँसमक्ष जानकारीका लागि अनुरोध छ ।

भवदीय

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

NABIL BANK Head Office Teendhara, Kathmandu

बोधार्थ :
श्री नबिल ईन्भेष्टमेण्ट बैंकिंग लि., नारायणचौर, नक्साल ।

P.O. Box 3729 Teendhara, Durbarmarg, Kathmandu, Nepal
977-1-4227181, 4221718 977-1-4226905 info@nabilbank.com www.nabilbank.com NARBNPKA